आज मिति २०७९ साल असार ७ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा ११७ औं बैठक सम्पन्न गरियो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | दिबाकर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थितिः

| | | | |
|---|---|---|---|
| १ | बिवेक कुमार पाण्डे | प्रशासन शाखा प्रमुख | |
| २ | चक्रविराम पौडेल | योजना शाखा प्रमुख | |
| ३ | सृजना मिश्रा | सूचना तथा संचार प्रविधि शा. प्र. | |

## नगर-कार्यपालिकाको मिति २०७९/०३/०७ गते बसेको ११७ औं बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०७९/०३/०१ गते बसेको ११६ औं बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा १३ वटा निर्णयहरु भएकोमा ११ वटा निर्णयहरु कार्यान्वयन भएको र २ वटा निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।

**निर्णय नं २**

मिति २०७९/०३/०८ गते संचालन हुने दशौं नगरसभामा पेश गरिने आ.व २०७९/८० को निति तथा कार्यक्रम संसोधन सहित सर्वसम्मत रुपले पारित गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ बमोजिम गठित राजश्व परामर्श समितिको सुझाव सम्बन्धमा छलफल गर्दा आ.व. ०७९/०८० का लागि आर्थिक विधेयक, २०७९ निर्माणको क्रममा राजस्व परामर्श समितिले पेश गरेका सुझावहरुमा दफावार छलफल गरीयो । आ.व. ०७९/०८० का लागि आर्थिक विधेयक, २०७९ छलफल गरी पेश गर्नका लागि विधेयक समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं ४**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा व्यवस्था भए बमोजिम गठन भएको **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले** निर्धारण गरेको वजेट सिलीङ भित्र रही प्राप्त भएका वडा स्तरीय योजनाहरु, शाखागत कार्यक्रमहरु र नगरस्तरीय योजनाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा व्यवस्था भए बमोजिम गठन भएको **बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट** सिफारिस भई आएका योजना तथा कार्यक्रमहरु बुँदागत रुपमा छलफल गरी प्राथमिकताका आधारमा तयार पारिएको अन्तिम प्रस्ताव नगरसभामा पेश गर्ने गरियो ।

निर्णय प्रमाणित

दिबाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ५**

बहुक्षेत्रीय पोषण योजना-दोस्रो (२०७५/७६-२०७९/८०) मा व्यवस्था भए बमोजिम पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

**देहाय**

| सि.नं | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | अध्यक्ष | नगर प्रमुख |
| २ | भवानी के.सी | उपाध्यक्ष | उप प्रमुख |
| ३ | कर्न बहादुर गुरुङ | सदस्य | अध्यक्ष वडा नं १ |
| ४ | नविन कुमार श्रेष्ठ | सदस्य | अध्यक्ष वडा नं २ |
| ५ | अमृत न्यौपाने | सदस्य | अध्यक्ष वडा नं ३ |
| ६ | कृष्ण प्रसाद अधिकारी | सदस्य | अध्यक्ष वडा नं ४ |
| ७ | श्री काजी गुरुङ | सदस्य | अध्यक्ष वडा नं ५ |
| ८ | दिनेश बाबु कोइराला | सदस्य | अध्यक्ष वडा नं ६ |
| ९ | जय राम रेग्मी | सदस्य | अध्यक्ष वडा नं ७ |
| १० | विजेन्द्र थापा | सदस्य | अध्यक्ष वडा नं ८ |
| ११ | मनराज गुरुङ | सदस्य | अध्यक्ष वडा नं ९ |
| १२ | दिपक राज ढकाल | सदस्य | अध्यक्ष वडा नं १० |
| १३ | ओम बहादुर दुरा | सदस्य | अध्यक्ष वडा नं ११ |
| १४ | राधा मल्ल | सदस्य | कार्यपालिका सदस्य |
| १५ | भगवती देवी वि.क. | सदस्य | कार्यपालिका सदस्य |
| १६ | विवेक कुमार पण्डित | सदस्य | पोषण तथा खाद्य सुरक्षा कार्यक्रम संयोजक |
| १७ | ठाकुर जी तिवारी | सदस्य | शिक्षा शाखा प्रमुख |
| १८ | नरेन्द्र राज घिमिरे | सदस्य | आर्थिक प्रशासन शाखा प्रमुख |
| १९ | परमेश्वर पिया | सदस्य | स्वास्थ्य शाखा प्रमुख |
| २० | ऋषि राम पौडेल | सदस्य | योजना शाखा प्रमुख |
| २१ | विदुर सुवेदी | सदस्य | पूर्वाधार शाखा प्रमुख |
| २२ | निर्मला पौडेल | सदस्य | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख |
| २३ | लोकराज कोइराला | सदस्य | पशु सेवा शाखा प्रमुख |
| २४ | सुरेश प्रसाद अधिकारी | सदस्य | कृषि विकास शाखा प्रमुख |
| २५ | डण्ड बहादुर सुनार | सदस्य | ल.उ.वा.सं सुन्दरबजार ईकाइ प्रमुख |
| २६ | अनिता अधिकारी | सदस्य | गै.स.स प्रतिनिधि |
| २७ | दिबाकर पौडेल | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

**निर्णय नं ६**

सुन्दरबजार नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ को दफा १५ मा व्यवस्था भए बमोजिमका गठन हुने **अनुगमन समितिमा** कार्यपालिकाबाट मनोनय हुने सदस्यमा कार्यपालिका सदस्य श्री बिल बहादुर घर्ती.लाई मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

दिबाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ७**

प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय हेलो सरकार पोर्टलमा सुन्दरबजार नगरपालिकामा रहेको पाँउदी खोलामा प्राकृतिक श्रोतको अतिक्रमण भएको भनी गुनासो दर्ता भएको हुँदा गुनासो गरिएको स्थानमा अनुगमन गरी यथार्थ विवरण सहित प्रतिवेदन पेश गर्नको लागि तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

संयोजक : जयराम रेग्मी, अध्यक्ष वडा नं ७

सदस्य : विवेक कुमार पण्डित, प्रशासन शाखा प्रमुख

सदस्य : विकास सेढाइ, सब-ईन्जिनियर

**निर्णय नं ८**

सुन्दरबजार नगरपालिका नगरकार्यपालिकाको मिति २०७९/०३/०१ गतेको निर्णय अनुसार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग तथा GOEC-GIDAN (JV) बीचको सम्झौता अनुसार यस सुन्दरबजार ढल व्यवस्थापन आयोजनाको सर्भे कार्यको लागि स्वीकृती प्रदान गरिएकोमा सर्भे कार्य सम्पन्न गरिएको भनी GOEC-GIDAN (JV), Buddhanagar, Kathmandu ले मिति २०७९/०३/०७ गते निवेदन पेश गरेको हुँदा सो आयोजनाको सर्भे सम्पन्न गरिएको प्रमाणित गरी जानकारी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

निर्णय प्रमाणित

दिवाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत